## वर्तमान सरकारको १०० दिनको प्रगतिका बुँदा

१. कम्पनी विधेयकको मस्यौदा र खानी तथा खनिज पदार्थ सम्वन्धी विधेयकको मस्यौदा राय परामर्शको क्रममा कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा रहेको।

२. औद्योगिक सम्पत्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गरी अर्थ मन्त्रालयको सहमति पश्चात सर्वसाधारणको राय सुझावका लागि मन्त्रालयको वेवसाइटमा प्रकाशन गरिएको ।

३. प्रत्यायन नियमावली, २०८३ नेपाल राजपत्रमा प्रकाशन भै कार्यान्वयनमा आएको ।

४. निजी क्षेत्र संरक्षण तथा प्रवर्द्धन रणनीति, २०८३ (Private Sector Protection and Promotion Strategy 2083) तर्जुमा गरी नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृतिको क्रममा रहेको ।

५. Industrial and Trade Logistic Masterplan स्वीकृत भै कार्यान्वयनमा आएको ।

६. Startup Fast Track कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।

७. नयाँ अवधारणा र परिवर्तित शासकीय प्रणाली अनुरूप नयाँ औद्योगिक नीति, २०८३ को मस्यौदा तयार भएको।

८. राष्ट्रिय उत्पादकत्व गुरुयोजना (National Productivity Masterplan) को मस्यौदा तयार भएको ।

९. नेपालको सेवा व्यापार सम्वन्धी राष्ट्रिय एकीकृत रणनीति, २०८३ को मस्यौदा तयार गरिएको।

१०. नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेडको पाँच वर्षे व्यावसायिक योजनाको मस्यौदा तयार भएको ।

११. उद्योग व्यवस्थापन सूचना प्रणाली (IMIS) मार्फत Digital Signature सहित अनलाइन सेवा प्रवाह शुरु भएको।

१२. कम्पनी रजिष्ट्रार, भन्सार विभाग र अध्यागमन विभागसँग उद्योग व्यवस्थापन सूचना प्रणालीलाई अन्तरआवद्धता कायम गरिएको।

१३. विदेशी लगानीकर्ताले स्वचालित प्रणाली (Automated Route) बाट जतिसुकै रकमको प्रत्यक्ष वैदेशिक लगानी (FDI) स्वीकृति प्राप्त हुने व्यवस्था पूर्ण रुपमा लागु भएको।

१४. व्यवसायको दर्ता, नवीकरण, खारेजी र लगानी प्रवाह लगायतका विषयको विवरण तथा तथ्याङ्क Real Time मा Display हुने गरी Dashboard सञ्चालन गरिएको ।

१५. कम्पनी प्रशासन व्यवस्थापन सूचना प्रणाली (CAMIS), राष्ट्रिय परिचयपत्र प्रणाली, उद्योग विभागको IMIS, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको FMIS प्रणाली र आन्तिरक राजश्व विभागको प्रणाली बीच अन्तरआवद्धता कायम गरिएको। कम्पनी संचालकको स्थायी लेखा नम्वर (PAN) कम्पनी दर्ताको निर्णय भए पश्चात स्वतः सिर्जना हुने र Self-print हुने व्यवस्था गरिएको।

१६. कम्पनी रजिष्ट्रारको कार्यालयमा AI call Centre वाट सेवाग्राहीले जुनसुकै समयमा पनि आफूलाइ चाहिने सूचना तथा जानकारी स्वचालित प्रणालीवाट प्राप्त हुने व्यवस्था गरिएको।

१७. कम्पनीको वार्षिक विवरण पेश, पूँजी वृद्धि, अद्यावधिक र प्रतिलिपि प्रदान गर्ने कार्यलाइ Auto system मा लगिएको। कम्पनी दर्ता विवरण हेरफेर लगायतका कार्यहरुमा Digital signature मार्फत गर्ने गराइएको र कम्पनी दर्ताको प्रमाणपत्र सेवाग्राहीले Self-print गर्न सक्ने वनाइएको।

१८. वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, खानी तथा भूगर्भ विभाग र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा डिजिटल प्रणालीबाट (QR समेत) भुक्तानी लिने व्यवस्था गरिएको।

१९. औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडबाट १० वटै औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगहरुको बक्यौता रकम रु. ४३ करोड ५६ लाख भन्दा बढी असुल उपर भएको।

२०. स्टार्टअप उधम कर्जा कार्यक्रम अन्तर्गत १०२४४ आवेदन प्राप्त भइ १२९८ परियोजना सर्ट लिष्टिङ्ग भएकोमा ११५७ प्रस्तावकहरुको व्यवसायीक प्रस्तुतीकरण तथा मूल्याङ्कन सम्पन्न भइ ९६६ वटा परियोजनालाई कर्जा सिफारिस गरी राष्ट्रिय वाणिज्य वैंकमा पठाइएको ।

२१. एकल विन्दु सेवा केन्द्रमा IRD, OCR, भन्सार विभाग, NRB, श्रम विभागका प्रतिनिधि अधिकार प्रत्यायोजन सहित खटिइसकेको ।

२२. बुटवल टेक्निकल इन्टिच्युटबाट कार्यस्थलमा आधारित ३९० घण्टाको तालिम कार्यक्रम १२० जनालाई प्रदान गरिएको।

२३. वाणिज्य नीति, २०८१ को कार्यान्वयन कार्ययोजना स्वीकृत भई कार्यान्वयन सुरु भएको।

२४. अदुवा, छुर्पी र गलैंचा तीनवटा वस्तुको छुट्टाछुट्टै निर्यात रणनीति स्वीकृत भएको।

२५. विश्व व्यापार संगठन अन्तर्गत अतिकम विकसित मुलुक केन्द्रित Enhanced Integrated Framework (EIF) Phase III अन्तर्गत Country Programme Document तयार गरी EIF सचिवालयमा पेश गरिएको।

२६. वस्तु निर्यातका लागि चीनतर्फ पनि अनलाइन प्रणाली मार्फत उत्पत्तिको प्रमाणपत्र जारी हुने व्यवस्था मिति २०८३ जेठ २६ गतेबाट शुरुवात भएको।

२७. Maximum Retail Price (MRP) र आयात नियमन सम्बन्धी १८ बुँदे कार्ययोजना तयार गरी कार्यान्वयन भइरहेको।

२८. निष्क्रिय अनुमतिपत्रवाला खानीहरूलाई स्पष्टीकरण सोधी ३ वटा उत्खनन् अनुमतिपत्र र १२२ वटा खनिज अनुमतिपत्र रद्द गरिएको।

२९. खाद्य व्यवस्था तथा व्यापार कम्पनीले १८ जिल्लाका करिब ८,००० किसानबाट रु. ५०.७४ करोड मूल्य बराबरको १,४४,०९७ क्विन्टल धान नेपाल सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा खरिद गरिएको।

३०. कर्णाली प्रदेशका ५ दुर्गम जिल्लामा जन्म र मृत्यु भएका परिवारलाई ९७.१४ मे.टन खाद्यान्न निःशुल्क वितरण गरिएको।

३१. देशका १११ स्थानमा सहुलियतपूर्ण पसल सञ्चालन गरी ३,८२६ मे.टन खाद्यान्न विक्री गरिएको।

३२. दुर्गम जिल्लाहरूमा १४,६९८.६२ मे.टन खाद्यान्न ढुवानी गरिएको। यस अवधिमा हुम्लामा तिब्बती मार्गबाट ३,२०० क्विन्टल खाद्यान्न ढुवानीमा सहजीकरण गरिएको।

३३. साल्ट ट्रेडिङ कर्पोरेशनले दुर्गम १८ जिल्लामा हाल सम्म ९६३३४ क्विन्टल नुन ढुवानी भएकोमा यस अवधिमा २८३३९ क्विन्टल नून ढुवानी गरिएको।

३४. २५३ अनुगमन टोली गठन भई १६९२ कम्पनी तथा फर्महरूको अनुगमन गरिएको।

३५. MRP लगायत अन्य कसूरमा १०२ वटा फर्मलाई ७१ लाख रुपैंया जरिवानाका साथै ४१ वटा कम्पनी तथा फर्मलाई थप अनुसन्धानका लागि उपस्थित हुन निर्देशन दिइएको।

३६. नेपाल गुणस्तर तथा नापतौल विभागबाट १४ वटा गुणस्तर चिन्ह प्रदान, उद्योगबाट १४३ नमुना संकलन, ६०८ वटा नमुना परीक्षण, ९०० बढी फर्महरुको नाप तथा तौल यन्त्र अनुगमन, १८ वटा मोडेल एप्रुभल गरिएको।

३७. वहु च्यानलवाट गुनासो सुनुवाइको व्यवस्था गरी नागरिकको गुनासो सहज प्राप्त गर्ने व्यवस्था पश्चात गुनासोहरुको संख्यामा उल्लेख्य वृद्धि हुनुका साथै फछ्यौट दर समेत बढेको। यस अवधिमा मन्त्रालय सम्बद्ध २९४ वटा गुनासो प्राप्त भएकोमा १७८ वटा गुनासो फछ्यौटको लागि पेश गरिएकोमा ८६ वटा गुनासो फछ्यौट भई बाँकी फछ्यौटको चरणमा रहेको।

३८. विद्युतीय प्रणालीमार्फत कर्मचारीहरुको हाजिरीको निरन्तर अनुगमन गरी समयको परिपालनामा जोड दिइएको । मन्त्रालय र अन्तर्गतका विभागहरुमा GIOMS प्रणाली कार्यान्वयनमा ल्याइएको।

३९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली, २०८३ स्वीकृत गरी लागू गरिएको।

४०. रु २५ करोड सम्मका उद्योगहरु दर्ता लगायतका कार्यहरु प्रदेश सरकारको उद्योग हेर्ने निकायवाट हुने गरी उद्योग विभागमा रहेका उद्योगहरुको फाइल प्रदेश सरकारहरुलाई हस्तान्तरण गरिएको। हाल सम्म छ वटा प्रदेशमा कूल ११६६ उद्योगहरुको फाइल हस्तान्तरण गरिसकिएको।

४१. नेपाल पारवाहनन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेड र नेपाल इन्टरमोडल यातायात विकास समितिलाई एक आपसमा गाभी पुनर्संरचना गर्ने सम्वन्धी प्रतिवेदन तयार भएको।

४२. हेटौडा कपडा उद्योगलाइ पुनः संचालनका अध्ययन प्रतिवेदन तयारी एवं सरसफाई तथा मर्मत सम्भार सम्बन्धी कार्य भइरहेको। प्रारम्भिक सञ्चालनका लागि अर्थ मन्त्रालयबाट बजेट निकासा भएको ।

४३. नेपालको व्यापार नीतिको तेस्रो समीक्षा प्रतिवेदन प्रकाशन भएको ।

४४. बिचौलिया नियन्त्रण प्रणाली लागू जसअनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा भुईंतल्लासम्म मात्र प्रवेश, extension मार्फत call गरेर समस्या टिपाउने व्यवस्था। सोही कार्यालयमा AI Based Call Centre (OCR) समेत सञ्चालनमा रहेको ।

४५. आ ब २०८३/८४ को बजेटमा समावेश केही कार्यक्रम टिपोट

- महिला उद्यमशीलता रणनीति तर्जुमा तथा कार्यान्वयन, National Enterprise Facility सेवा सञ्चालन
- पाँचखालमा महिला उद्यमी विशेष औद्योगिक ग्राम स्थापना र सञ्चालन
- स्टार्टअप नेशन सम्वन्धमा राष्ट्रिय स्तरको सम्मेलन आयोजना
- लघु घरेलु तथा स्टार्टअप उद्यम स्तरोन्नती (Scale up) का लागि सहुलियतपूर्ण कर्जा
- सार्वजनिक संस्थानका पदाधिकरी एवम् कर्मचारीसँग एआइ प्रयोग गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि सम्वन्धमा अभिमुखीकरण
- IT in Business/Trade/Commerce सम्वन्धमा Discussion Series सञ्चालन
- प्यूठान र धादिङ जिल्लामा जडिवुटी उद्योग स्थापना सम्वन्धमा सम्भाव्यत अध्ययन
- महोत्तरी जिल्लामा जैविक मल कारखाना स्थापनाका लागि सम्भाव्यता अध्ययन, IEE/EIA, DPR निर्माण गर्ने